# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ १ गते २०५५ साल (अतिरिक्ताङ्क ३१

## भाग ३

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको सूचना

छात्रवृत्ति (तेस्रो संशोधन) नियमावली, २०५५

छात्रवृत्ति नियमावली, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "छात्रवृत्ति (तेस्रो संशोधन) नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. छात्रवृत्ति नियमावली, २०२६ को नियम ८क. मा संशोधन : छात्रवृत्ति नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८क. को सट्टा देहायको नियम ८क. राखिएको छः–

"८क. लिखित परीक्षाको अङ्क: नियम ८ बमोजिमको पूर्णाङ्कमध्ये साठी अङ्क लिखित परीक्षाको लागि राखी मुख्य विषयहरूको लिखित परीक्षा लिइनेछ र लिखित परीक्षामा साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने परीक्षार्थीहरुलाई मात्र अन्तरवार्तामा समावेश गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८९

३. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को,–

(१) पहिलो प्रकरणमा रहेका "पचास अङ्क" भन्ने शब्दहरूको सट्टा "तीस अङ्क" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (क) मा रहेका "पचास अङ्क" भन्ने शब्दहरूको सट्टा "तीस अङ्क" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ख), (ग) र (घ) मा रहेका "चालीस अङ्क" भन्ने शब्दहरूको सट्टा "बीस अङ्क" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम १०क. मा संशोधन: मूल नियमावलीको नियम १० क. को सट्टा देहायको नियम १०क. राखिएको छ:–

"१०क. अङ्क कायम राखिने: यस नियमावलीबमोजिम लिइएको लिखित परीक्षा र अन्तरवार्ता समेतबाट उत्तीर्ण भएका परीक्षार्थीहरूले प्राप्त गरेको अङ्क त्यस्ता परीक्षार्थीहरूको योग्यताक्रम प्रकाशित भएको मितिले छ महिना-सम्म कायम राखिनेछ ।"

५. मूल नियमावलीको नियम १०ख. मा संशोधन: मूल नियमावलीको नियम १०ख. मा रहेका "नियम ८ को उपनियम (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "यस नियमावली बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
खेमराज रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।